दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३११ | बुटवल | २०८२ मंसिर ०५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday November 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

लुम्बिनीवासीको प्रश्न :

# विकास कोषमा खुला प्रतिस्पर्धाबाट सदस्य सचिव कहिले ?




लुम्बिनी संवाददाता

*बुटवल*

बुद्ध जन्मस्थल लुम्बिनीसँग सरोकार राख्ने अगुवाहरुले लुम्बिनी विकास कोषको सदस्य सचिव खुल्ला प्रतिस्पर्धाबाट हुनुपर्ने माग गरेका छन् ।

विगतका सरकारले राजनीतिक दलसँग आबद्धताको आधारमा ठाडो नियुक्ति गर्ने गरे पनि जेनजी विद्रोहपछि बनेको सरकारले त्यस्तो गल्ती गर्न नहुने उनीहरुको सुझाव छ ।

विना प्रतिस्पर्धा गरिने राजनीतिक नियुक्तिले सुशासन, पारदर्शिता र जवाफदेहितालाई कुण्ठित गरेको र आर्थिक अनियमितता, अनावश्यक कर्मचारी भर्तीलगायतका विकृति बढेको भन्दै सरोकारवालाले खुल्ला प्रतिपर्स्धाको माध्यमबाट योग्य र विषय विज्ञ व्यक्तिलाई नियुक्त गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । कोषकै कर्मचारीहरुले २०७४ सालमा सदस्य सचिव खुल्ला प्रतिस्पर्धाबाट नियुक्त हुनुपर्ने माग गर्दै सरकारलाई ज्ञापनपत्र बुझाएका थिए । उक्त माग सुनुवाइ गर्दै सरकारले सार्वजनिक सूचना निकालेर खुल्ला प्रतिस्पर्धा गराएको थियो । जसमा २२ जनाले कार्ययोजनासहित प्रतिस्पर्धा गरेका थिए । प्रतिस्पर्धाबाट अजितमान तामाङ नियुक्त भएका थिए । त्यस यता कोषको सदस्य सचिव सरकारले विना प्रतिस्पर्धा नियुक्त गर्दै आएको छ ।

लुम्बिनी विकास कोषमा असोज २२ देखि सदस्यसचिव रिक्त छ । कोषका वरिष्ठ अधिकृत ज्ञानिन राईलाई कायममुकायम सदस्य सचिव तोकिएको छ ।

तत्कालीन केपी ओली सरकारले नियुक्त गरेका कोषका सदस्य सचिव सानुराजा शाक्यको पाँच वर्षे कार्यकाल २१ असोजमा सकिएसँगै उक्त पद रिक्त छ । शाक्य नेकपा एमालेको कोटाबाट सदस्यसचिव नियुक्त भएका थिए । उनको कार्यकाल सकिएसँगै कोषका वरिष्ठ अधिकृत एवं १०औं तहका वरिष्ठ निर्देशक राईलाई कायममुकायम सदस्य सचिव तोकिएको छ ।

लुम्बिनी बचाउ महाअभियानका संयोजक अक्रम खानले कोषको सदस्य सचिव खुल्ला प्रतिस्पर्धाबाट नगरिए स्थानीयवासी आन्दोलनमा उत्रिन बाध्य हुने बताए । 'विगतका सरकारले जस्तै आफूखुशी नियुक्त गर्ने छुट यो सरकारलाई छैन,' खानले भने-'खुल्ला प्रतिस्पर्धाबाटै नियुक्ति हुनुपर्छ, त्यसमा योग्य भए स्थानीयलाई प्राथमिकता दिनुपर्छ ।'

लुम्बिनी विकास मञ्चका अध्यक्ष सन्दिप गुप्ता पनि कोषको कार्यकारी पद सदस्य सचिव खुल्ला प्रतिस्पर्धाबाट हुनपर्ने बताउँछन् । विना प्रतिस्पर्धा विभागीय मन्त्रीको नजिकको मान्छे नियुक्ति स्थानीयलाई स्वीकार्य नहुने गुप्ताले बताए ।

लुम्बिनीकै युवा अगुवा अर्जुन कुर्मीले जेनजी विद्रोहपछि बनेको सरकारले युवाहरुको माग र भावनाअनुसार सुशासन र पारदर्शिता व्यवहारमा देखाउन खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने बताए । लुम्बिनी विकास कोष धार्मिक स्थल मात्र नभई यहाँको आर्थिक मेरुदण्ड पनि भएकाले लुम्बिनीलाई गहिरोसँग बुझेको, विषय विज्ञ र अन्तर्राष्ट्रिय समुदायसँग काम गर्ने क्षमता भएका व्यक्तिलाई प्रतिस्पर्धाबाट छनोट गरेर मात्र नियुक्त गर्नुपर्ने कुर्मीले बताए ।

'विगतका सरकारले जस्तै ठाडो तोक आदेशको भरमा सदस्य सचिव नियुक्त भए स्वीकार्य हुँदैन, त्यस्तो नियुक्तको विरोधमा हामी सडक आन्दोलनमै उत्रिन्छौं,' कुर्मीले भने-'विगतका सरकारले जस्तै अपारदर्शी तरिकाले मन्त्रीका मान्छे नियुक्त गर्ने हो भने जेनजी आन्दोलनको के अर्थ भयो ?'

कुर्मीले जेन जी आन्दोलनका बेला लुम्बिनी विकास कोषभित्रका संरचनामा हुन सक्ने सम्भावित क्षति जोगाउन युवाहरु परिचालनको अगुवाइ गरेका थिए ।

सरकारले हालै मात्र नेपाल वायु सेवा निगमको महाप्रबन्धक नियुक्तिका लागि खुल्ला प्रतिस्पर्धाअनुसार आवेदन माग गरेको छ । यस्तै बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समितिको कार्यकारी निर्देशक र केही समयअघि बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक नियुक्तिका लागि भने गराएको थियो । तर लुम्बिनी विकास कोष जस्तो अन्तर्राष्ट्रिय सरोकार भएको संस्थाको सदस्य सचिवका लागि खुला प्रतिस्पर्धा नगराई सोझै नियुक्ति गर्ने सरकारको तयारी भएपछि सरोकारुवालाले खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गर्न माग गरेका छन् ।

राजनीतिक पहुँचका भरमा योग्य र विज्ञ व्यक्ति कार्यकारी पदमा नियुक्त नहुँदा लुम्बिनी गुरुयोजना समयमा पूरा हुन सकेको र विकास कोषलाई राजनीतिक भर्ती केन्द्र हुनबाट जोगाउन नसकिएको कुर्मीको भनाइ छ ।

एनपीएल:

## लुम्बिनी लायन्सको विजयी सुरुवात



बुटवल । चितवन राइनोजलाई पराजित गर्दै लुम्बिनी लायन्सले सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा विजयी सुरुवात गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा लुम्बिनीले चितवनलाई ६ विकेटले पराजित गरेको हो । चितवनले भने एनपीएलको दोस्रो खेलमा पहिलो हार व्यहोरेको छ ।

चितवनले पहिलो खेलमा कर्णाली याक्सलाई ५ विकेटले पराजित गरेको थियो । अघिल्लो सिजन लुम्बिनीले एक खेलमा मात्र जित निकाल्दा चितवनलाई नै ३३ रनले पराजित गरेको थियो ।

चितवनले दिएको एक सय ४३ रनको लक्ष्य लुम्बिनीले १८.३ ओभरमा चार विकेट गुमाएर पूरा गरेको हो । चौथो विकेटका लागि कप्तान रोहित पौडेल र गुल्बदिन नैबले ६० रनको साझेदारी गरेपछि लुम्बिनीले सहज जित निकालेको हो ।

कप्तान रोहित ३९ रन बनाउँदा सोहेल तनविरको बलमा क्याच आउट भए । उनले ४४ बलमा एक चौका प्रहार गरे । गुल्बदिन ४४ र जोनाथन स्मिथ चार रनमा अविजित रहे । गुल्बदिनले २४ बलमा तीन चौका र तीन छक्का प्रहार गरे । ओपनर सन्दीप जोरा २८ रनमा क्याच आउट भए । आर्सी सर्ट ११ रनमा बोल्ड आउट भए । १० रन बनाएका दिलीप नाथ रन आउट हुन पुगे ।

» *बाँकी ३ पेजमा*

## रूपन्देही ३ मा डा. लेखजंग उम्मेदवार

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी निर्वाचनमा रुपन्देही-३ लेखजंग थापालाई नै उम्मेदवार बनाउने भएको छ ।

रुपन्देही-३ को उप-निर्वाचनका लागि उम्मेदवार तय भएका थापालाई नै आगामी प्रतिनिधिसभा निर्वाचनमा कायम राख्ने निर्णय रास्वपाले गरेको हो ।

जेनजी आन्दोलनले प्रतिनिधिसभा विघटन भएर निर्वाचन घोषणा भएसँगै रुपन्देही-३ को उप-निर्वाचन स्वतः खारेज भएको थियो । रास्वपाले आकांक्षी ९ उम्मेदवार मध्येबाट थापालाई छनोट गरेको थियो ।

## चुनावमा सेना परिचालन गर्न सिफारिश

बुटवल । राष्ट्रिय सुरक्षा परिषद्ले निर्वाचनका लागि सेना परिचालन गर्ने निर्णय गर्दै त्यसका लागि मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरेको छ । परिषद्को सिंहदरबारस्थित कार्यालयमा बसेको ४१औं बैठकले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि सेना परिचालन गर्न सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको परिषद्का सदस्य सचिव तथा रक्षा सचिव सुमनराज अर्यालले बताए ।

स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गराउन सेना परिचाल गर्न सरकार समक्ष सिफारिस गर्ने निर्णय भएको उनले जनाए । प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा परिषद्का सदस्यहरु अर्थमन्त्री, गृहमन्त्री, मुख्य सचिव, प्रधानसेनापति र रक्षा सचिवसहितको बैठक बसेको थियो ।

## रवि र छविको मुद्दाको सुनुवाइ स्थगित

बुटवल । बिगोबमोजिमको रकम बुझाइ थुनाबाहिर बसेर मुद्दा लड्न पाउने माग गर्दै रास्वपा सभापति रवि लामिछानेले दिएको निवेदनमाथिको सुनुवाइ स्थगित भएको छ ।

बुटवलको सुप्रिम सहकारी संस्थाको रकम ठगी र संगठित अपराध अभियोगमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र छविलाल जोशीको निवेदनमा आजका लागि पेसी तोकिएको थियो । तर, बिहीबार रविको निवेदनको पेसी पाटन उच्च अदालतमा पनि परेकाले रविका कानून व्यवसायीका तर्फबाट बुटवल इजलासको सुनुवाइ स्थगित गरिदिन निवेदन परेपछि स्थगित भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिए ।

यसअघि कात्तिक २७ गते भएको सुनुवाइमा न्यायाधीशहरू बासुदेव आचार्य र ओमप्रसाद अर्यालको संयुक्त इजलासले सर्वोच्च अदालतमा रहेको मुल अभियोग मिसिल मगाउने आदेश दिएको थियो । मुल मुद्दाको सक्कल मिसिल प्राप्त भएपछि बिहीबारका लागि पेसी तोकिएको थियो ।

यसअघि कात्तिक २० गतेको सुनुवाइमा पनि न्यायाधीशद्वय आचार्य र अर्यालको इजलासले सुरु मिसिल मगाउने आदेश दिएको थियो । सर्वोच्चबाट सुरु मिसिलको फाइल प्राप्त नभए पनि जिल्ला अदालतबाट प्रतिलिपि आएपछि बिहीबार पेसी चढाइएको हो । अदालतले लामिछानेको मुद्दालाई प्राथमिकतामा राखेर अघि बढाइरहेको सूचना अधिकारी कुँवरले बताए ।

त्यसअघि न्यायाधीश मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले दुवै प्रतिवादीको मुद्दा एउटै प्रकृतिको भएकाले एकैसाथ राख्न आदेश गरेको थियो ।

» *बाँकी ३ पेजमा*

## रूपन्देही व्यापार संघमा सर्वसम्मत कार्यसमिति



बुटवल । रूपन्देही व्यापार संघ, बुटवलको अध्यक्षमा प्रकाश ढकाल सर्वसम्मत निर्वाचित भएका छन् । संघको २४औं वार्षिक साधारण सभा तथा १३औं अधिवेशनबाट ढकाल अध्यक्ष रहेको कार्यसमिति सर्वसम्मत भएको हो । ढकाल यसअघि वरिष्ठ उपाध्यक्ष थिए ।

संघको वरिष्ठ उपाध्यक्ष पदमा दयानिधि भन्डारी, प्रथम उपाध्यक्ष ऋषिराम पाण्डे, द्वितीय, उपाध्यक्ष मा मनहरि बस्याल, महासचिवमा प्रकाश पौडेल, कोषाध्यक्षमा अर्जुन भट्टराई, सचिवमा जयलाल न्यौपाने, महिला सचिवमा बृन्दा आचार्य, सह-सचिव पदमा नलराज नेपाल निर्वाचित भएका छन् ।

संघमा पदाधिकारीसहित ३२ जना सर्वसम्मत रुपमा निर्वाचत भएका हुन् । सह-कोषाध्यक्षमा जीवनारायण अधिकारी र सदस्यहरुमा तेजेन्द्र सापकोटा, घनश्याम भुसाल, टेकराज पन्थी, गोविन्दप्रसाद चापागाईं, विजय ज्ञवाली, जीवन काफ्ले, लक्ष्मी भट्टराई, सरोजकुमार गहतराज, अशोक ज्ञवाली, नारायण वस्याल, पारसमणी पोखरेल, मिनप्रसाद नेपाल, मुरारीराज भण्डारी, केदारनाथ नेपाल, सरोज ज्ञवाली, शोभाकुमारी जोशी, इश्वरा देवकोटा, हरिबहादुर सुनार, तिलक आचार्य, कुलबहादुर विसी, देवी चपाईंलगायतका सदस्यहरु सर्वसम्मत रुपमा निर्वाचित भएका संघका कार्यालय प्रमुख सरोज पोखरेलले जानकारी गराए ।

गैडहवा गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## अराजकतालाई रोक

युवा संघ नेपालको पूर्व निर्धारित कार्यक्रममा सहभागी हुन जान लागेका एमाले महासचिव शंकर पोखरेल र पोलिटब्यूरो सदस्य महेश बस्नेतलाई रोक्ने गरी विरोध प्रदर्शन हुनु निन्दनीय छ। एकाएक काठमाडौं-सिमरा उडान बन्द गरियो । काठमाडौंबाट सिमरा जाँदै गरेका नेताहरु लामो समय विमानस्थलमा बसेर फर्किन बाध्य भए । काठमाडौंमा नेताहरु पूर्वनिर्धारित स्थान बाराको परवानीपुरमा जान नसके पनि त्यहाँ जुटेका नेता कार्यकर्ताले कार्यक्रम सम्पन्न गरेका छन् ।

एमाले महासचिवसहितका नेताहरू पार्टीको भातृ संगठनको पूर्व निर्धारित कार्यक्रममा जान रोक लगाउने कामले मुलुकमा तोकिएको समयमा चुनाव हुने संशय उत्पन्न भएको छ । चुनाव हुनका लागि मुलुकमा पहिलो शर्त शान्ति सुरक्षाको बहाली हुनुपर्छ। अहिले शान्ति सुरक्षाको ग्यारेण्टी छैन । प्रहरीको मनोबल खस्किएको छ। लुटिएका हतियार अझै सबै फिर्ता हुन सकेका छैनन् । सञ्चार सेट र गाडीको अभावमा प्रहरीलाई काम गर्न कठिनाइ भएको छ। यस्तो अवस्थामा प्रहरीको मनोबल उकास्ने गरी सरकारले नै काम गरिरहेको छैन । बाराको सिमरामा जेनजीका नाममा भएको विरोध प्रर्दशनमा जे जस्ता दृश्य देखिए, ती दृश्यले प्रहरी कारबाही आक्रामक देखिएन्। प्रहरीमाथि निरन्तर ढुङ्गामुढा हुँदा प्रहरी रक्षात्मक हुनु अराजक समाजमा शुभ संकेत होइन् ।

जेनजीको नाममा राजनैतिक दलको कार्यक्रमलाई अवरोध गर्ने क्रियाकलाप किमार्थ राम्रो होइन् । राजनैतिक दलले स्वतन्त्रपूर्वक अभियान गर्न पाउनुपर्छ । एमालेको विचार र कार्यशैलीसँग असहमत भए त्यसको विरोध राजनैतिक ढंगले गर्नु लोकतान्त्रिक प्रक्रियाभित्र पर्छ । काठमाडौंबाट आउन थालेका नेताहरुलाई विमानस्थलमै रोक्नका लागि भएको विरोध प्रदर्शनमा उत्रेका युवा र स्वागतका लागि विमानस्थल जाँदै गरेका युवाबिचको ठेलमठेल र हात हालाहालमा एक युवा घाइते भएको र हातपात गर्ने एमाले कार्यकर्ता पक्राउ परिसकेका छन् । विमानस्थल तोडफोड गर्ने अराजक समूहलाई के कारबाही होला ? त्यसो त यो सरकारको भूमिका नै अराजक प्रवृत्तिलाई बढाउने खालले अघि बढिरहेको छ। जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीमा संलग्नहरुलाई कारबाही नगर्न गृहमन्त्रीले नै निर्देशन दिएको पृष्ठभूमिलाई हेर्दा समाजमा कानुन र विधिको शासन होइन्, भीडतन्त्रले शासन गर्न उत्प्रेरित गरिरहेको छर्लङ्ग हुन्छ ।

चुनाव बेलैमा गर्नका लागि राजनैतिक अभियान दलहरुले निर्वाद गर्न पाउनुपर्छ। यस्तो कार्यक्रमले सरकारले भनेझैं बेलैमा चुनाव गर्नका लागि जबर्जस्त वातावरण बनाउँछ । कसैले कसैलाई निषेध गरेर लोकतन्त्र बलियो हुँदैन । बाराको घटनाबाट अब पाठ सिक्नुपर्छ,–निषेधको राजनीति बन्द हुनुपर्छ, राजनैतिक दलका गतिविधि निर्वाद गर्न पाउने वातावरण सरकारले बनाउनुपर्छ। शान्तिपूर्ण प्रदर्शन भन्दै कसैलाई निषेध गर्ने काम लोकतान्त्रिक आचरण र व्यवहारभित्र पर्ने विषय होइनन् ।

# राष्ट्रिय दलालहरूलाई भोट होइन चोट



विनबहादुर कुँवर

यो चुनावी नौटंकी देखाएर देशको राष्ट्रियता र स्वाभिमानमाथि नै बज्र प्रहार हुँदैछ । त्यसैले एउटा नेपाली उखान 'फिनी हराएको थाहा छैन, गहुँका गेडा गन्ने' भन्ने जस्तै देशको समग्र राष्ट्रिय स्वाभिमान र अस्तित्व गुम्न लागेको छ । तर यो चुनावी नौटंकीमा रमाउने राष्ट्रिय दलालहरुको विरुद्ध देशका सम्पूर्ण देशभक्त, वामपन्थी र जनवादी पार्टी समूह र संघसंस्थाहरु एक भई संघर्षमा जुट्दै संसदीय राष्ट्रिय दलालहरुलाई भोट होइन चोट भन्ने नाराका साथ संयुक्त मोर्चा नै निर्माण गरी संघर्षमा जुटौं ।

अहिले आगामी फागुन २१ गते विघटित संसदीय सदनको निर्वाचन हुने कि नहुने भन्नेमा व्यापक चर्चा-परिचर्चा भइरहेको छ। वर्तमान जेनजी प्रस्तावित आइएनजीओ-एनजीओ सरकारले चुनाव गर्नमा व्यापक प्रचारप्रसार गरिरहेको छ । तर यसमा कति सत्यता छ ? त्यो भने बुझ्नै बाँकी छ । यसको यथार्थ कि त विदेशी साम्राराज्यवादी शक्ति केन्द्रलाई थाहा होला कित स्वदेशी पूर्व शाही नेपाली सेनालाई । किनकि यो सरकार विदेशी साम्रराज्यवादी शक्ति केन्द्रद्वारा परिचालित विदेशी गैरसरकारी संगठनद्वारा अनुमोदित सरकार हो। जेनजीको नाममा बनेको भने पनि यो सरकार अहिले जेनजीद्वारा उठाइएका मागप्रति बेवास्ता गर्दै अघि बढिरहेको छ। त्यही भएर जेनजीका केही समूहहरुले यो सरकारको विरुद्ध आवाज उठाइरहेका छन् । स्वयं अहिले गृहमन्त्रीको राजीनामाको माग गरिरहेका छन् ।

पहिलो कुरा त यो निर्वाचन प्रतिनिधिसभाको विघटन र यो सरकारको निर्माण जेनजीहरुको माग नै होइन । यिनीहरुको मुख्य माग त देशमा सुशासन, भ्रष्टाचारको उन्मूलन नै थियो। तर देशी विदेशी प्रतिक्रियावादीहरुले चालु संविधान विरोधी नागरिक सरकार निर्माण गरियो र त्यसैको सिफारिसमा सदन भंग गर्ने काम भयो। रोग एउटा, तर उपचार अर्को अर्थात् टाउको दुखेको नाइटामा मलाम भनेजस्तै भयो । एउटा रोगी र वृद्ध प्रधानमन्त्री केपी ओलीका सट्टामा अर्का रोगी र वृद्ध सुशीला कार्की प्रधानमन्त्री अनि दलीय सरकारका ठाउँमा नागरिक सरकार साथै २०८४ हुने पर्ने संसदीय निर्वाचन २०८२ मै सम्पन्न हुने मात्र सीमित रहयो। यो जेनजीहरुले मात्रै, होइन हामी नागरिकहरुले पनि बुझेको कुरा होइन । नयाँ सरकार बनाइयो समर्थन सुरुमा सबैको थियो, तर यसले गर्ने कामको कुनै निक्यौल भएन। जुन उद्देश्यका लागि यो जेनजी आन्दोलन र विद्रोह भएको थियो । वर्तमान सरकार त्यताप्रति जाँदै गएन। उल्टै वर्तमान राष्ट्रपतिको आदेश अनुसार खाली यो प्रतिनिधिसभाको संसदीय निर्वाचनको मात्रै कुरा उठाउँदै आएको छ।

त्यसैले एकातिर यसको विरोध अर्थात् यो संसदीय निर्वाचनको विरुद्ध जेनजीका विभिन्न समूहहरुले आवाज उठाइरहेका छन् भने अर्कोतिर पूर्व संसदीय ठूलो दल ने.का.यसमा मौन छ भने अर्को ठूलो दल एमालेले भने संसद पुनर्स्थापनाको माग अघि सारेर सडक संघर्ष नै गर्ने तरखरमा छ । साथै यो विषय सर्वोच्च अदालतमा समेत विचाराधीन अर्थात् बहस पैरवीमा छ। वर्तमान यो संविधानले न जेनजीलाई चिन्छ न यो नागरिक सरकारलाई नै । संविधानले अहिले चिन्ने भनेको खाली राष्ट्रपति रामचन्द्र पौडेललाई मात्रै हो । राष्ट्रपति यो संविधानका संरक्षक मात्रै नभई पालक पनि हुन् । अर्थात् संविधान अनुरुप चल्ने र गर्ने अनि त्यस अनुरुप राज्यलाई हाँक्ने उनीको जिम्मेवारी हो। तर अहिले उनले जे गरे अर्थात् जेनजी आन्दोलनको दबाबमा यस प्रकारको नागरिक सरकार बनाए यो पूर्णत वर्तमान संविधानविरुद्ध छ । त्यसैले तत्काल यो सरकारको खारेजी र राष्ट्रपतिलाई समेत कारबाही हुनुपर्ने देखिन्छ । सम्भवतः सर्वोच्चको अदालती निर्णय यस्तै पनि हुन सक्छ।

वर्तमान सरकार र निर्वाचन आयोगले जतिसुकै यो चुनावी तयारी सबैको बन्दोबस्त मिलिसकेको भने पनि यसमा देशको सुरक्षा निकाय भने ढुक्क भइसकेको छैन । स्वयं सरकार र यससँग सम्बन्धित जेनजी समूहहरु यसको खासै तयारीमा भएको देखिदैन । उल्टै विभिन्न दल नेताहरुलाई धम्काउँदै विभिन्न उद्योगी र व्यवयासीहरुसित जबर्जस्त चन्दा असुल्न थालिसकेका छन् । यही मंसिर ३ गते रौतहटमा हुन लागेको एमाले सभालाई जेनजीको एउटा जस्थाले त्यसलाई विथोल्ने, नेता कार्यकर्तामाथि हमला, तोडफोड र आगजनी गरेका छन्। यसबाट पहिलो कुरा यो निर्वाचन नै गर्न दिइने छैन र दोस्रो कुरा निर्वाचन भए पनि दल नेताहरुलाई चुनावमै उठ्न नदिने र दिए पनि पूर्णरुपले धाँधली गुण्डागर्दी, तोडफोड र आगजनी गरी जसरी हुन्छ जेनजीको नाममा एनजीओ र आइएनजीओ साम्रराज्यवादी दलालहरुलाई मात्रै निर्वाचनमा जिताउने षड्यन्त्र हुनेछ। तब बल्ल अहिलेदेखि चुनावी तयारीमा लागेका प्रचण्ड-माधव र विप्लवहरुका लागि यो निर्वाचन हात्ती आयो हात्ती आयो फुस्सा भने जस्तै हुनेछ।

अचम्म त के छ भने नयाँ साँधुले धेरै खरानी घस्छ भने जस्तै यो निर्वाचनका लागि नेकपा विप्लव समूहको चुनावी चुरीफुरी बढ्दो छ। चुनावी मान्यता निर्वाचन आयोगबाट लिन भनी निर्वाचन आयोगमा गएका उक्त समूहका नेता कार्यकर्ताहरुले चुनावी चिन्ह गुलाफको फूल हातहातमा देखाउँदै रमाइरहेका छन् ।

बरु कांग्रेस-एमाले र प्रचण्ड-माधवहरुलाई यसप्रति त्यति रुची भएको पाइँदैन । यस्ता निर्वाचनदेखि यी सबै थाकिसकेका छन् । साम, दाम, दण्ड, भेद नगरी जो कसैले पनि चुनाव जितिने स्थिति छँदै छैन । त्यसमा पनि अहिले जेनजी र जेनजीको साम्राराज्यवादी दलालहरुको सरकार अन्तर्गत यो चुनाव जित्न कठिन छ । यसैले अहिले त्यसमा पनि यो असंवैधानिक साम्रराज्यवादी दलालहरुको सरकारअन्तर्गत यस्तो संसदीय निर्वाचनमा जाने नै थियो भने विप्लव समूहले हिजो प्रचण्ड-बाबुरामहरुको विरोध गरेको अर्थ नै के रहयो ? यसभन्दा पहिलेका निर्वाचनहरुको बहिष्कार गर्ने गरेकोमा पनि कुनै अर्थ रहेन। आखिर घुम्दै फिर्दै फेरि रुम्जाटार भने जस्तै यही संसदीय चुनावी गन्धा नालीमै बस्ने र रमाउने नै देखियो।

अहिलेसम्म नेपालका १३० भन्दा बढी दलहरुले यो निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गराइसकेका छन्। यी सबै दलहरुमध्ये अहिले नेकपा एमाले दलले मात्र यो निर्वाचनप्रति त्यति चाँसो राखेको छैन । संसद पुनर्स्थापनाको लागि अदालतमा रिट निवेदन दिंदैछ। यो मात्रै होइन एमालेले यसको विरुद्धमा सडक आन्दोलन पनि गर्ने भनिरहेको छ। स्पष्ट न्यायिक छानबिन हुने हो भने अदालतबाट संसद पुनर्स्थापनाको अर्को विकल्प नै छैन। तर जेनजीको नाममा अदालतमाथि साम्राज्यवादी हस्तक्षेप भयो भने यसमा अदालतको पनि केही लाग्ने छैन। भाद्र २३ र २४ गते अदालतमा त्यत्तिकै आगो लागेको होइन । कारण छ । त्यस्तै नियति फेरि अदालतका न्यायाधीशहरुले किन भोग्ने ? बरु जता जता बाहुन बाजे त्यतै त्यतै स्वाहा भने जस्तै गरिदिए त भइहाल्यो । हुन त कुनै कारण यो विघटित संसदको पुनर्स्थापना भइहाले पनि समस्या समाधान हुनेवाला छैन। झन् विकराल समस्या खडा हुने देखिंदैछ। विदेशी साम्राज्यवादी शक्ति देश भित्रिसके अब त्यत्तिकै छोडी जानेवाला छैनन्। अमेरिकी साम्राराज्यवादी परियोजना एमसीसीमार्फत् यहाँ साम्राज्यवादीहरु भित्रिसके । केही दिन पहिले अमेरिकी जहाज मार्फत थुप्रै आधुनिक हातहतियार पनि यहाँ भित्राइसकेको चर्चा छ । कतै यी हतियारहरु यो आगामी निर्वाचनलाई ध्यानमा राखेर ल्याइएको त होइन ? त्यो अब जे पनि हुन सक्छ। त्यसैले अब यो निर्वाचन अनि संसद पुनर्स्थापना जे भए पनि देश र जनताको खास समस्या समाधान हुने छैन।

अहिले मूल समस्या देशको राष्ट्रियता र स्वाभिमानको छ । मुलुक अहिले विश्व साम्राज्यवादको अखडा बन्दैछ । चीन-भारत र अमेरिकी साम्राज्यवादबिचको द्वन्द्वमा देशलाई मुछिंदैछ। नयाँ नयाँ साम्राज्यवादी दलालहरुको बिगबिगी देखिंदैछ । राज्यका हरेक अंगमा विदेशी हस्तक्षेप बढ्दो छ। विगतमा भएको जेनजी आन्दोलनप्रति नेपाली सेनाले देखाएको रमिते रवैयाले देशको स्वतन्त्र सार्वभौमिकता गुमेको आभास सबैलाई भइसकेको छ। यो चुनावी नौटंकी देखाएर देशको राष्ट्रियता र स्वाभिमानमाथि नै बज्र प्रहार हुँदैछ। त्यसैले एउटा नेपाली उखान 'फिनी हराएको थाहा छैन, गहुँका गेडा गन्ने' भन्ने जस्तै देशको समग्र राष्ट्रिय स्वाभिमान र अस्तित्व गुम्न लागेको छ। तर यो चुनावी नौटंकीमा रमाउने राष्ट्रिय दलालहरुको विरुद्ध देशका सम्पूर्ण देशभक्त, वामपन्थी र जनवादी पार्टी समूह र संघसंस्थाहरु एक भई संघर्षमा जुट्दै संसदीय राष्ट्रिय दलालहरुलाई भोट होइन चोट भन्ने नाराका साथ संयुक्त मोर्चा नै निर्माण गरी संघर्षमा जुटौं ।

# सेयर बजारमा झिनो अंकको गिरावट



काठमाडौं । बिहीबार सेयर बजारको परिसूचक नेप्सेमा झिनो अंकको गिरावट आएको छ। बुधबारको तुलनामा बिहीबार नेप्से जम्मा ०.९३ अंक घटेको छ।

सो कमीपछि नेप्से २५६० अंकमा झरेको छ । नेप्से घटे पनि कारोबार रकम बढेको छ। बुधबार जम्मा ३ अर्ब ७७ करोडको कारोबार भएकोमा बिहीबार ४ अर्ब ६८ करोडको भयो। दिनभर बजारको उतारचढाव सामान्य रह्यो। ११२ कम्पनीको मूल्य बढ्दा १३८ को घट्यो भने ६ को स्थिर रह्यो। होटल तथा पर्यटन समूह सबैभन्दा धेरै १.१६ प्रतिशत बढ्यो।

जेनजी आन्दोलनपछि होटल तथा पर्यटन समूह सबैभन्दा धेरै प्रभावित हुने अनुमान गरिएको थियो । सोअनुसार होटल तथा पर्यटन सेक्टरका सबैजसो कम्पनीको मूल्य उच्च दरले घटेको थियो ।

यद्यपि पर्यटन सिजन सुरु हुँदा केहीबाहेक अधिकांशमा त्यसको असर देखिएको छैन। जसले गर्दा लगानीकर्ता यस सेक्टरमा अहिले आकर्षित देखिएका छन् । त्यस्तै जलविद्युत् ०.०९, उत्पादन तथा प्रशोधन ०.३२, माइक्रोफाइनान्स ०.२७, अन्य ०.३० र व्यापार समूह ०.१७ प्रतिशत बढे। बैंकिङ ०.३४, विकास बैंक ०.०८, लगानी ०.५२, जीवन बीमा ०.०६ र निर्जीवन बीमा ०.३३ प्रतिशत घटे । चार कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । १० प्रतिशत बढेका कम्पनीमा धौलागिरी लघुवित्त, बन्दीपुर केबुलकार, झापा इनर्जी र सागर डिस्टिलरी छन् । यीमध्ये धौलागिरीबाहेक अरु कम्पनी हालै सूचीकृत भएका हुन्। त्यस्तै सिन्धु विकास बैंकको ९.६०, सप्तकोशी विकास बैंकको ७.७१, चिरख्वा हाइड्रोपावरको ६.८० प्रतिशत मूल्य बढ्यो । बुंगल हाइड्रोको मूल्य सबैभन्दा धेरै ९.०५ प्रतिशत घट्यो । दरामखोलाको ४.९१ तथा विकास हाइड्रोपावरको ३.७९ प्रतिशत घट्यो।

धेरै कारोबार भएका कम्पनीमा साहस ऊर्जा, सप्तकोशी विकास बैंक, नेपाल पुनर्बिमा, युनियन हाइड्रोपावर र बरुण हाइड्रोपावर छन् ।

# लोकतन्त्र : सम्भावना, सुन्दरता र दिगोपनाको आधार



किशन ज्ञवाली

लोकतन्त्र कुनै साधारण शासन प्रणाली होइन–यो समाज विकास र समृद्धिको मेरुदण्ड हो, सुन्दर गहना हो। जसरी गहनाले मानिसको रूप-स्वरूपमा चमक थप्छ, त्यस्तै लोकतन्त्रले समाजको विचार, चेतना र चरित्रमा सुन्दरता भर्न सक्छ । तर यो सुन्दरता आफैं उत्पन्न हुने शक्ति होइन; सचेत नागरिक, स्वस्थ प्रतिस्पर्धा र नैतिक राजनीतिक संस्कारबाट निर्मित हुने अमूल्य चिज हो ।

लोकतन्त्रको सवलता स्वस्थ प्रतिस्पर्धामा टिकेको हुन्छ, जहाँ मनि-मसलको प्रभूत्व होइन, क्षमता र चरित्रको जित सुनिश्चित हुन्छ। लोकतन्त्र चलायमान हुन नागरिक स्वयं चेतनशील र विवेकी हुनुपर्छ। तर चेतनालाई बिगार्ने प्रमुख तत्व भनेको 'लोभ, मोह र डर-धम्की' हुन यिनि सधैं लोकतन्त्रका विरोधी शक्तिका रूपमा उपस्थित हुन्छन्। यी तत्वलाई समाजले अस्वीकार नगरेसम्म सक्षम मानिसको उदय सहज हुँदैन। सधैं छक्का पन्जा र घब्लाबाजी चली रहन्छ न्याय, समानता र समृद्धि टुहुरो बनी रहन्छन्।

लोकतन्त्रको मूल सुन्दरता निराशामा होइन, सम्भावना र सपनामा टेकेको हुन्छ। नकारात्मकता होइन, सकारात्मक दृष्टिकोणमा अडेको हुन्छ। गाली र आरोप होइन, मिसन-भिजन र लक्ष्यदृष्टिसहितको लोकतन्त्रको आत्मामा टिकेको हुन्छ । जब राजनीतिक नेतृत्वलाई मूल्य, सिद्धान्त र लक्ष्यको दिशामा उभ्याइन्छ, तब समाज स्वतः सही दिशातिर मार्ग प्रस्त हुन्छ।

त्यसकै परिणामस्वरूप- चेतनशील, सभ्य र सु-संस्कृत समाजको निर्माण हुन्छ,

- मेलमिलाप, सहकार्य र परस्पर सहयोगको वातावरण बन्छ,
- राजनीतिक संस्कारमा स्वच्छता जन्मिन्छ,
- आर्थिक उत्पादनशीलता र सहकार्य विस्तार हुन्छ,
- राष्ट्रको आर्थिक जग सबल बन्छ,

अन्ततः "समृद्ध नेपाल, सुखी नेपाली" जस्ता राष्ट्रिय आकांक्षाहरू व्यवहारमा परिणत हुन्छन्।

तर, लोकतन्त्रका छेउ-छाउमा त्यसलाई डिरेल गर्न खोज्ने तत्वहरू पनि उत्तिकै सक्रिय रहन्छन्।

सबैभन्दा ठूलो चुनौती गरिबी हो–जहाँ पैसा र भोकले विवेकमाथि आक्रमण गर्छ । त्यहाँ लोकतान्त्रिक निर्णय क्षमता पैसावाल र दलाल-पुँजीवादीको नियन्त्रणमा जान्छ। जागिर, सुविधा र प्रलोभनको लोभमा नागरिकले योग्य नेतृत्व होइन, तत्कालीन सुविधा दिनेहरूलाई प्राथमिकता दिन थाल्छन्। यसले लोकतन्त्रको मेरुदण्ड 'योग्य व्यक्तिको चयन' लाई नै धोती लगाइदिन्छ।

अर्कोतर्फ 'जसरी भए पनि जित्नै पर्छ' भन्ने अराजनीतिक सोचले साम-दाम-दण्ड-भेदको अभ्यासलाई जन्म दिन्छ। यसरी उत्पन्न अन्योल, हिंसा र बदला-संस्कृतिले हारको सम्मान गर्ने परिपाटी नष्ट गर्छ। जब हार स्वीकारिने संस्कार हराउँछ, त्यहाँ लोकतन्त्र दीगो रहन सक्दैन।

लोकतन्त्र दिगो रहनको लागि समाजले तीन कुरामा अविचल रहनुपर्छः

१. नागरिक चेतनाको रक्षा
२. राजनीतिक नैतिकताको अभ्यास
३. आर्थिक स्वतन्त्रता र समान अवसरको प्रत्याभूति

अन्ततः लोकतन्त्र सुन्दर छ, किनकि यसले सबैलाई समान अवसर दिन्छ; लोकतन्त्र शक्तिशाली छ, किनकि यसले क्षमता पहिचान गर्छ; लोकतन्त्र महान् छ, किनकि यसले निराशालाई होइन, सम्भावनालाई रोज्छ।

त्यसैले लोकतन्त्रको सुन्दर अभ्यास नै राष्ट्रको निकास हो, प्रगति हो र समृद्धिको मार्ग हो।

यसको रक्षामा नागरिक सचेतता, नैतिक नेतृत्व र विवेकपूर्ण निर्णय नै हाम्रो सामूहिक जिम्मेवारी हो।

*लेखक ज्ञवाली नेकपा एमाले बुटवल उप-महानगर कमिटी निवर्तमान अध्यक्ष हुन्।*

**लुम्बिनी...**

चितवनका लागि रिजन ढकालले दुई विकेट लिए । सोहेल तनविरको नाममा एक विकेट रह्यो । त्यसअघि चितवनले सात विकेटको क्षतिमा एक सय ४२ रन बनाएको थियो । चितवनका लागि रवि बोपाराले ५५ बलमा चार चौका र तीन छक्काको सहयोगमा ६६ रन बनाए । उनले ४५ बलमा चार चौका र दुई छक्का प्रहार गर्दै अर्धशतक पूरा गरेका थिए । रविले दुई खेलमा लगातार अर्धशतक बनाएका हुन् ।

त्यस्तै, १८ बलमा एक छक्काको सहयोगमा २१ रन बनाएका कप्तान कुशल मल्ल रुबेन ट्रम्पलमेनको बलमा सन्दीप जोराको हातबाट क्याच आउट हुन पुगे । सैफ जैब सात बलमा दुई चौका र एक छक्काको सहयोगमा १५ रन बनाउँदा रुबेनको बलमा रोहित पौडेलको हातबाट क्याच आउट भए ।

चितवनका देव खनाल १४ रन बनाउँदा अविशेष गौतमको बलमा सन्दीप जोराको हातबाट क्याच आउट भए । ओपनर दिपक बोहरा १० रन बनाउँदा अविशेष गौतमको बलमा आउट भए । अर्का ओपनर डेबिड मलान रुबेन ट्रम्पलमेनकै बलमा बोल्ड आउट भए। अर्जुन साउँद आठ रनमा नटआउट रहे । सोहेल तनविर पाँच रनमा क्याच आउट भए ।

लुम्बिनीका लागि रुबेनले तीन, अविशेष र गुल्बदिन नैबले दुई-दुई विकेट लिए । एनपीएलमा आज शुक्रबार पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्स भिड्दै छन् । यो खेल अपराह्न ४ बजे सुरु हुनेछ ।

**रवि...**

बिगोबमोजिमको रकम बुझाई थुनाबाहिर बसेर मुद्दा लड्न पाउने माग गर्दै लामिछानेले निवेदन दिएकामा उच्च अदालतले रविसँगै जोशीको फाइल पनि पेस गर्न आदेश दिएको थियो । त्यसअघि उच्च अदालत, बुटवलले लामिछानेको मुद्दामा कैफियत प्रतिवेदन माग गर्ने आदेश दिएको थियो ।

सुप्रिम सहकारी ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले सहकारीमा भएको अपचलनबापत आफ्नो भाग बराबर बिगो दाखिला गरिसक्दा पनि जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गरेका थिए ।

उनले यसअघि जिल्ला अदालतमा पनि बिगो दाखिला गरेर सहकारी ठगी मुद्दाबाट छुटकारा दिन माग गरेका थिए । तर, जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको इजलासले साउन २६ गते उनकी निवेदन अस्वीकार गरेको थियो ।

सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई १० करोड ९९ लाख ३६ हजार रुपैयाँ सामूहिक बिगो कायम गरी अभियोग पत्र दायर गरिएको छ। लामिछानेले त्यसको चार भागमध्ये आफ्नो हिस्साको एक भाग बराबर २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बैंक जमानतका रूपमा पेस गरेका थिए ।

लामिछाने जस्तै जोशीले पनि त्यति नै रकमबापत जमानत पेस गरेका थिए । तर, दुवै प्रतिवादीको व्यक्तिगत बिगो कति पर्ने भन्ने यकिन नभएकाले रिहा गर्न नपाइने निर्णय दुवैका हकमा समान रूपमा जारी भएको थियो । हाल लामिछाने ललितपुरको नख्खु कारागारमा छन् भने जोशी भैरहवा कारागारमा छन् ।

## मोटरसाईकल हराएको सूचना

मेरो निम्न विवरण भएको Hulsa कम्पनीको २०२५ मोडलको Pulsar 200 NSDC मोटरसाईकल यही मिति २०८२। ०७।३० गते दिउँसो २:०० बजेदेखि ४:०० बजेको बीचको समयमा चितवन जिल्ला भरतपुर म.न.पा. स्थित नारायणी सामदुायिक हस्पिटलको पार्किङ्गमा राखिएको अवस्थामा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** टुकराज सार्की
**ठेगाना :** साविक मिथुक्रम-४, नवलपरासी हाल बौदिकालि गा.पा.वडा नं. १
**सवारी रंङ:** सेतो
**इन्जिन नं. :** JLXCSD91767
**च्यासिस नं. :** MD2A36FX5SCD91745
**सम्पर्क :** ९८२००५९३५९

## सैनामैना नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

## आशय पत्र सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८२-०८-०५

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | बोलपत्रदाताको नाम | विवरण | कबोल अंक(मु.अ कर सहित) रु. |
|---|---|---|---|
| NCB/04/082-83 | श्री श्रीकृष्णकन्सट्रक्सन प्रा.लि., सैनामैना-११ | Construction of Kosheli Ghar at Ward 10, Sainamaina | २०,४१,७००।५० |
| NCB/05/082-83 | श्री ज्ञानेश्वरी निर्माण सेवा, सैनामैना-०९ | Construction of Black Topped Road at Lumbini Path, Sainamaina-08 | २१,०१,०९८।३८ |
| NCB/06/082-83 | श्रीश्रीकृष्णकन्सट्रक्सन प्रा.लि., सैनामैना-११ | Construction of Basic Health Center Building Infrastructures | ३१,२१,५२१।४८ |

## Sarawal Rural Municipality
### Office Of Rural Municipal Executive
**Sarawal, Nawalparasi (B.S.W)**
**Lumbini Province, Nepal**

## Invitation for Bids (NCB) E-Bidding Only

**First Date of publication: B.S 2082-8-5 (A.D 2025-11-21)**

- **Sarawal Rural Municipality, Office of Municipal Executive, Sarawal, Nawalparasi (Ba.Su.Pa.)** invites **electronic bid olny** from eligible and qualified bidders for the construction of the following Projects under NCB bidding procedure.

| S. N | Contract No. | Name of Project | Estimated Amount exclusive VAT & Contingencies | Bid Doc Fee, NRs. | Bid Security Fee, NRs. | Bidding Type |
|---|---|---|---|---|---|---|
| 1 | 06/SRM/SQ/2082/83 | Mahendra ma.bi bhawan nirman, Ward no. 3 | 1417401.37 | 1000 | 40000.00 | SQ |
| 2 | 07/SRM/SQ/2082/83 | Sarawal Ga. Pa. 1 Basahima Khop Kendra Nirman | 857343.50 | 1000 | 25000.00 | SQ |
| 3 | 08/SRM/SQ/2082/83 | Sarawal Gaunpalika Ward No.2 Magarmuda ma Baal Udhaan Nirman | 854684.38 | 1000 | 25000.00 | SQ |
| 4 | 09/SRM/SQ/2082/83 | Pashupati shiksha Mandir Adhuro Bhawan Sampanna Sarawal-7 | 856553.02 | 1000 | 25000.00 | SQ |
| 5 | 10/SRM/SQ/2082/83 | Adhuro Swasthaya Chauki Bhawan Nirman (3 -4) | 941650.66 | 1000 | 27000.00 | SQ |
| 6 | 11/SRM/SQ/2082/83 | Bhujahawa Khel Maidanma Purbadhar Nirman | 941672.18 | 1000 | 27000.00 | SQ |
| 7 | 12/SRM/SQ/2082/83 | Sarawal Gaunpalika ward no. 1 isthit Rajahawa Shanti Batika Paryatan Purbadhar Nirman. | 1290555.89 | 1000 | 37000.00 | SQ |
| 8 | 13/SRM/SQ/2082/83 | Adhuro Swasthaya Chauki awam Wada Karyalaya bhawan Nirman | 854865.25 | 1000 | 25000.00 | SQ |

For detail notice visit office website: https://sarawalmun.gov.np/ Or, PPMO website www.bolpatra.gov.np/egp.

## बर्दघाट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी (बसुप)**
**लुम्बिनी प्रदेश, नेपाल**

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०८/०५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ बमोजिम सार्बजनिक पोखरीहरुको हकमा ०८२ फाल्गुण १ गतेदेखि ०८४ माघ मसान्त सम्म २ वर्षको लागि र हाट बजारको हकमा ०८२ पौष महिना देखि आषाढ मसान्त सम्म ७ महिनाको लागि ठेक्का बन्दोवस्त गर्न यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| आय ठेक्का नं | विवरण | ठेगाना | न्युनतम कवोल अंक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|
| १/०८२/०८३ | माकर दक्षिण पोखरी माकर गाउँ | बर्दघाट- १ माकर गाँउ | १५००००.० | भ्याट सहित |
| २/०८२/०८३ | शिव मन्दिर पोखरी | बर्दघाट- ६ | १५००००.० | भ्याट सहित |
| ३/०८२/०८३ | भग्जोगनी पोखरी (पुरानो गाँउ) | बर्दघाट- ११ भग्जोगनी | १०००००.० | भ्याट सहित |
| ४/०८२/०८३ | गैडाहा पोखरी | बर्दघाट- ११ गैडाहा | ३००००.० | भ्याट सहित |
| ५/०८२/०८३ | जहदा डोमहिया पोखरी | बर्दघाट-१२ | ८००००.० | भ्याट सहित |
| ६/०८२/०८३ | जहदा पुर्वको पोखरी | बर्दघाट- १२ | ४००००.० | भ्याट सहित |
| ७/०८२/०८३ | पनई पोखरी | बर्दघाट- १३ | १०००००.० | भ्याट सहित |
| ८/०८२/०८३ | मझौनी गाँउ (पश्चिम पोखरी) | बर्दघाट- १३ | ८००००.० | भ्याट सहित |
| ९/०८२/०८३ | नाग पोखरी | बर्दघाट- १४ | ८००००.० | भ्याट सहित |
| १०/०८२/०८३ | विहिवारे साप्ताहिक हाटबजार बाढिपिडित | बर्दघाट-४ | ८००००.० | भ्याट सहित |
| ११/०८२/०८३ | विहिवारे साप्ताहिक हाटबजार | बर्दघाट-१६ | ५००००.० | भ्याट सहित |

नोटः दरभाउपत्र पेश गर्ने फर्मको योग्यता समया अवधि लगायत ठेक्का सम्बन्धी अन्य शर्तहरु बर्दघाट नगरपालिकाको वेव साइट https://bardaghatmun.gov.np/ मार्फत सार्बजनिक गरिएको छ।

## माउण्ट एभरेष्ट डिष्टिलरी लिमिटेड
तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीवाट उत्पादित ग्रेन स्प्रिट मिति २०८२।०८।०५ गतेदेखि नै नेपालभर लागू हुने गरी निम्नानुसारबिक्रि मूल्य सूची प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| ग्रेन स्प्रिट | फैक्ट्री मूल्य रु. |
|---|---|
| ग्रेन आर.एस. | १५०/ लि |
| ग्रेन ई.एन.ए. | १६०/ लि |

उक्त मूल्यमा अन्तःशुल्क, मु.अ.कर र ढुवानी समाबेस भएको छैन ।

## माउण्ट एभरेष्ट डिष्टिलरी लिमिटेड
तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८२।०८।०७ गतेदेखि नेपालभर लागू हुने गरी मूल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | ND | ND commission | Distributors | Distributors comm. | WS | WS comm. | Retail | Retail comm. | Consumer | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Case | Unit |
| 6to9 | 40 | 750 | 12165 | 490 | 12655 | 664 | 13319 | 699 | 14018 | 862 | 14880 | 1240 |
| 6to9 | 40 | 375 | 12165 | 490 | 12655 | 664 | 13319 | 699 | 14018 | 862 | 14880 | 620 |
| 6to9 | 40 | 180 | 12165 | 490 | 12655 | 664 | 13319 | 699 | 14018 | 862 | 14880 | 310 |
| Gold Box | 50 | 180 | 6460 | 40 | 6500 | 300 | 6800 | 250 | 7050 | 1590 | 8640 | 180 |
| Boxer | 50 | 180 | 6260 | 40 | 6300 | 300 | 6600 | 250 | 6850 | 1550 | 8400 | 175 |
| White Diamond | 50 | 180 | 6260 | 40 | 6300 | 300 | 6600 | 250 | 6850 | 1550 | 8400 | 175 |
| Sweet Diamond | 50 | 180 | 6460 | 40 | 6500 | 300 | 6800 | 250 | 7050 | 1350 | 8400 | 175 |
| Mala | 70 | 300 | 1300 | 20 | 1320 | 85 | 1405 | 85 | 1490 | 610 | 2100 | 70 |
| Umaga | 70 | 300 | 1240 | 20 | 1260 | 50 | 1310 | 70 | 1380 | 360 | 1740 | 58 |
| Hazari Gold | 70 | 300 | 1280 | 20 | 1300 | 65 | 1365 | 65 | 1430 | 520 | 1950 | 65 |
| Julie | 70 | 300 | 1105 | 20 | 1125 | 40 | 1165 | 45 | 1210 | 200 | 1410 | 47 |
| Li Li Diamond | 70 | 300 | 1280 | 20 | 1300 | 65 | 1365 | 65 | 1430 | 520 | 1950 | 65 |
| 20-20 (Apple/ Orange/ Litchi / Lemon / XXX) | 70 | 300 | 1095 | 20 | 1115 | 50 | 1165 | 45 | 1210 | 200 | 1410 | 47 |

उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु .अ . कर समावेश गरिएको छ।
उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ। साथै सो बिक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।

## बुटवल उपमहानगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**प्रकाशित मिति :-२०८२।०८।०५**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२।०४।२० मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत हुने प्रकृयामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|
| 02/082/083/BSMC /Works / NCB | बुटवल उपमहानगरपालिका वडा नं. १२ नयाँगाउँ मा.वि. भवन निर्माण कार्य | MS. Shree Asiatic-DAS J.V., Butwal -08, Rupandehi | रु ३,३८,१५,१६५।१५ |

**खरिद इकाई**

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपापिलकाको कार्यालय**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# तोकिएको मितिमै चुनाव : गृहमन्त्री

बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले सरकारको आगामी दिनको महत्वपूर्ण कार्यभार भनेकै तोकिएकै मितिमा निर्वाचनलाई शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्नु रहेको दोहोऱ्याएका छन् ।

बिहीबार मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा मन्त्री अर्यालले उक्त कुरा बताएका हुन् । आगामी निर्वाचनलाई निर्धारित मितिमै सम्पन्न गराउने गरी मन्त्रालयका सबै निकायका कर्मचारीहरू सो अनुरुपको तयारी र प्रतिबद्धताका साथ कार्य जिम्मेवारी निर्धारित गरी परिचालित हुनसमेत निर्देशन दिए ।

जेनजी आन्दोलनको भावना र मर्म अनुरुप सेवा प्रदायक निकायहरूले आफ्ना काम कारबाहीलाई छिटो छरितो बनाउने र कार्य प्रक्रियालाई सरलीकृत गर्न, आफूले प्रवाह गर्ने सबै प्रकारका सेवाहरूलाई सम्भव भएसम्म विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाउन र अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त राख्न मन्त्री अर्यालले बैठकमा निर्देशन दिए ।

'सरकारी काम कारबाहीले गर्दा सेवा ग्राहीलाई अनावश्यक झनझट व्यहोर्नु पर्ने अवस्थाको अन्त्य गर्ने गरी कार्य गर्नसमेत सबै मातहतका निकाय तथा अधिकारीहरुलाई निर्देश गर्दछु ।'-मन्त्री अर्यालले भने । मन्त्री अर्यालले आगमी निर्वाचनको वातावरण बनाउन र भौतिक श्रोतसाधन लागि आवशयक पर्ने बजेटका कार्यक्रम अर्थ मन्त्रालयबाट गृह मन्त्रालयलाई सहजीकरण भएकोमा समेत मन्त्री अर्यालले अर्थ मन्त्रालयलाई धन्यवाद दिए ।

समीक्षा क्रममा प्रधानमन्त्री कार्यालय, योजना आयोग, अर्थ र संघीय मामिला मन्त्रालयले दिनुभएका सुझावहरुलाई मन्त्रालय मनन गरेर कार्यन्वयनमा लैजाने कुरा पनि मन्त्री अर्यालले राखे ।

राजस्व चुहावट नियन्त्रणमा लिएको प्रयास अपर्याप्त भएको भन्दै, मन्त्री अर्यालले त्यसतर्फ विशेष ध्यान दिन र आगामी चौमासिक प्रगति समीक्षामा देखिने गरि काम गर्न समेत निर्देश गरे ।

सीमापार अपराध न्यूनीकरण, लागुऔषधको दुरुपयोग र ओसारपोसारविरुद्धको कारबाही र सडक दुर्घटना न्यूनीकरणका लागि वर्तमान कार्यशैलीमा आश्यकता अनुसार पुनारावलोकन गर्न र जनताले अनुभूत गर्ने गरी काम गर्न पनि मन्त्री अर्यालले सम्बद्ध निकायलाई आदेश दिए ।

'जेनजी आन्दोलन र त्यसपछि विकसित घटना क्रमले हाम्रा मन्त्रालयका नियमित काम कारवाहीमा केहि बाधा अड्चन परे पनि अब मन्त्रालयको नियमित कामहरुलाई तीव्रता दिएर अघि बढ्नु पर्नेछ ।'- मन्त्री अर्यालले भने ।

सबै निकायहरूको पूर्वानिर्धारित आन्तरिक वार्षिक कार्य योजना र माइलस्टोन कार्यान्वयनलाई तिब्रता दिन र गरिएका कार्यहरूको नियमित आन्तरिक समीक्षासमेत गर्न उनले निर्देशन गरे ।

'सेवाग्राहीले एउटै विवरण र सूचना सरकारी निकायलाई पटक-पटक दिनु पर्ने बाध्यताको अन्त्य गर्न गरी कार्य गर्न पनि उनले निर्देशन दिए ।

विशेष गरी राष्ट्रिय परिचयपत्रको मर्म र भावनालाई अन्य निकायलाई बुझाई सबै प्रणालीलाई क्रमसः आबद्ध गर्ने गरी सम्बन्ध निकायले प्राथमिकताका साथ यस कार्यलाई अघि बढाउनुपर्ने उनको भनाइ थियो । यसका लागि मन्त्री र सचिवस्तरबाट गर्नु पर्ने सहजीकरणका लागि आफू तयार नै भएको कुरा ब्यक्त गरे ।

'नागरिकका गुनासो र उजुरी फछ्र्यौटलाई पहिलो प्राथमिकता दिनु होला र सकभर गुनासोरहित ढंगले काम गरौँ र सेवाग्राहीको काम पन्छ्याउने कामलाई निरउत्त्साहित गरौँ ।'-मन्त्री अर्यालले भने । कार्यक्रममा गृह सचिव रामेश्वर दंगालले मन्त्रालय यसअन्तर्गतका सबै निकायले सुशासन र पारदर्शीतालाई मूल केन्द्र बिन्दु बनाइ आफ्नो कार्य जिम्मवारी निर्वाह गर्नु आदेश गरे ।

गृहमन्त्रालय सबै मन्त्रालयहरु बन्द अलि बढी संवेदनशील मन्त्रालय भएकोले नै यसअन्तर्गत रहेका केही महत्वपूर्ण विभाग र महाशाखाहरु जस्तै राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागले प्रवाह गर्ने सेवाबाटै गृह मन्त्रालयको सफलता र मुहार झल्किने कुरा उनले बताए । सचिव दंगालले सरकारको वार्षिक नीति तथा कार्यक्रमअन्तर्गत र मन्त्रालयले निर्धारण गरेका कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर काम गर्नसमेत निर्देशन दिए ।

कार्यक्रममा मन्त्रालयका सहसचिव तथा मूल्याङ्कन महाशाखा प्रमुख सुरेश पन्थीले मन्त्रालय मातहत रहेका सबै निकायहरूरुको समग्रमा प्रस्तुतीकरण दिँदै मन्त्रालयको वार्षिक कुल दुई खर्ब ८ अर्ब बजेटमा, चालु आवको पहिलो चौमासिकसम्ममा आइपुग्दा मन्त्रालयले चालु खर्चतर्फ २० दशमलव ९२ प्रतिशत र पुँजीगततर्फ १० दशमलव ६५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जानकारी दिए ।

# तिलोत्तमालाई जर्मनीको विश्वव्यापी नेटवर्कको सदस्यता



बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय तहरुको विश्वव्यापी सञ्जाल संगठन (आई.सि.एल.ई.आई.) को पूर्ण सदस्यता प्राप्त गरेको छ । जर्मनीमा मुख्य कार्यालय रहेको आई.सि.एल.ई.आई. स्थानीय तथा क्षेत्रीय सरकारहरूको विश्वव्यापी नेटवर्क हो ।

हाल उक्त नेटवर्कमा विश्वभरका २ हजार ५ सयभन्दा बढी शहर र स्थानीय सरकारहरू आवद्ध छन् । उक्त अन्तर्राष्ट्रिय संस्थाले दिगो विकास, वातावरण संरक्षण र जलवायु-अनुकूलका विभिन्न कार्यक्रम गर्दै आएको छ । आई.सि.एल. ई. आई. ले गत कार्तिक २६ गते सदस्यता दिने निर्णय गरेकोमा त्यसको प्रमाणपत्र तिलोत्तमा नगरपालिकाले हालै प्राप्त गरेको हो । प्रमाणपत्रमा आई.सि.एल. ई. आई. का अध्यक्ष क्याट्रिन स्टजर्नफेल्ड्ट जम्मेह र सचिव भेन विगेनले हस्ताक्षर गरेका छन् । सदस्यतापछि तिलोत्तमा नगरपालिकाले शून्य-उत्सर्जन, प्रकृतिमा आधारित समाधान, जलवायु अनुकूलन, जलवायु जोखिम मूल्यांकन, वातावरणीय संरक्षण तथा दिगो विकाससम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम, तालिम र परियोजनामा सहभागी हुने अवसर प्राप्त गर्ने नगर प्रमुख रामकृष्ण खाँणले जानकारी दिए ।

यससँगै तिलोत्तमा नगरपालिका एसियामा सामाजिक रूपमा समावेशी लचिलोपन (सिरा) परियोजना सञ्चालनका लागि पनि योग्य ठहरिएको जनाइएको छ । सदस्यता प्राप्तिले नगरपालिकाले सञ्चालन गर्दै आएका फोहोर व्यवस्थापन, जलवायु अनुकूलन, जैविक विविधता संरक्षण, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरणीय सुधार तथा दिगो शहरी विकासका क्षेत्रमा थप टेवा पुग्ने प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले जानकारी दिए ।

अन्तर्राष्ट्रिय फोरममा उपस्थिति जनाउने क्रममा तिलोत्तमा नगरपालिकाले यसअघि स्पेनको युसिएलजी, साउथ कोरियाको सिटिनेट र जापानको शान्तिका लागि नगर प्रमुखहरुको संगठनको सदस्यता प्राप्त गरिसकेको छ । योसँगै तिलोत्तमा विभिन्न चार वटा अन्तर्राष्ट्रिय फोरमको सदस्यता प्राप्त गर्ने यस क्षेत्रकैं पहिलो पालिका बनेको छ ।

# स्याङ्जामा संघको २८ र प्रदेशतर्फ ७ प्रतिशत खर्च



प्रकाश डोटेल

*स्याङ्जा*

आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक (साउन-कात्तिक) अवधिमा समग्रमा स्याङ्जामा संघीय सरकारको बजेटतर्फ झण्डै २८ प्रतिशत खर्च भएको छ भने प्रदेश सरकारतर्फको बजेटमा ७ प्रतिशतभन्दा बढी रकम खर्च भएको छ ।

संघतर्फ विनियोजित कुल बजेट ७ अर्ब ४९ करोड ९७ लाख ३४ हजार ५७५ रुपैयाँमध्ये करिब २७ दशमलव ८४ प्रतिशतले हुने दुई अर्ब ८ करोड ७७ लाख ६ हजार ९०७ रुपैयाँ खर्च भएको छ भने प्रदेशतर्फको कुल दुई अर्ब ५३ करोड १० लाख ६६ हजार बजेटको झण्डै ७ दशमलव १० प्रतिशत अर्थात् १७ करोड ९८ लाख २९ हजार २२९ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ ।

संघ सरकारको कुल बजेटमध्ये चालु खर्च शीर्षकमा विनियोजित ७ अर्ब ४२ करोड ७ लाख ७२ हजार ५७५ रुपैयाँमध्ये दुई अर्ब ७ करोड ६२ लाख ९६ हजार ५२१ रुपैयाँ अर्थात् झण्डै २८ प्रतिशत खर्च भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार संघीय बजेटको पुँजीगत शीर्षकको ७ करोड ८९ लाख ६२ हजारमध्ये १४ दशमलब ४५ प्रतिशत अर्थात् एक करोड १४ लाख १० हजार ३८६ रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाका प्रमुख थमनारायण शर्माले जानकारी दिए ।

प्रदेश सरकारतर्फको कुल बजेटमध्ये चालु शीर्षकमा ७६ करोड ७० लाख १२ हजार विनियोजन भएकोमा करिब ११ दशमलब ४१ प्रतिशत अर्थात् ८ करोड ७५ लाख ४३ हजार ५३८ खर्च भएको छ भने पुँजीगत खर्चतर्फको एक अर्ब ७६ करोड ४० करोड ५४ हजार बजेटको झण्डै ५ दशमलब २३ प्रतिशतले हुने ९ करोड २२ लाख ८५ हजार ६९१ खर्च भएको कोष नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ ।

पुँजीगत शीर्षकको तुलनामा चालु खर्च शीर्षकमा धेरै प्रतिशत रकम खर्च देखिएको कोष तथा लेखा नियन्त्रक प्रमुख शर्माले बताए । 'चालु खर्च शीर्षकको रकम प्रत्येक महिना तलब भत्तामा निकासी र सार्वजनिक खरिदमै खर्च हुने भएकाले प्रतिशतमा बढी देखिएको हो ,' शर्माले भने-'चालु खर्च शिर्षकको तुलनामा अब विकास निर्माणका गतिविधिले तिव्रता लिएसँगै पुँजीगत शीर्षकको बजेट खर्चमा ह्वात्तै वृद्धि हुन्छ ।' जिल्लाका विकासे अड्डाहरु ठेक्का निकालेर कामगर्ने अन्तिम तयारीमा जुटेको नियन्त्रक शर्माले बताए ।

यस अवधिमा संघीय कर राजस्व शीर्षकमा ११ करोड ७० लाख ५२ हजार, अन्य राजश्वमा दुई करोड ७१ लाख ७१ हजार १३२ रुपैयाँ, विविध प्राप्ती राजस्वतर्फ ४४ लाख एक हजार ४७५ र बाँडफाँट हुने राजस्व शीर्षकमा तीन करोड ६६ लाख ८३ हजार ३४७ रुपैयाँ गरी १८ करोड ५३ लाख ८ हजार ९१२ रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जानकारी दिएको छ । त्यसैगरी प्रदेश सरकारतर्फको कर राजश्वमा दुई करोड ६५ लाख ४६ हजार ८७८ रुपैयाँ, अन्य राजस्व शीर्षकमा ७३ लाख ६६ हजार ७२१ विविध प्राप्तीतर्फ ५१ लाख ६३ हजार ८६१ र बाँडफाँट हुने राजस्वमा दुई करोड ३८ लाख ५८ हजार २५५ रुपैयाँ गरी विभिन्न शीर्षकमा गरी ६ करोड २९ लाख ३५ हजार ७१५ रुपैयाँ राजस्व संकलन भएको कोष नियन्त्रक विष्णुप्रकाश श्रेष्ठले जानकारी दिए ।

# पश्चिम पाल्पाको रैनादेवी मन्दिरमा न्वागी मेला हुँदै



पाल्पा । पाल्पाको रैनादेवी छहरा गाउँपालिका वडा ३ भुवनपोखरी गोखुङ्गा रैनादेवी मन्दिर परिसरमा यही मंसिर ७ र ८ गते न्वागी मेला हुँदैछ । यस वर्ष कार्तिक २७ गते देवीको लागि मुठी लिएको र मंसिर ७ गते साढे ९ बजेभित्र पूर्व फर्केर रैनादेवीलाई नयाँ धानको अक्षेता चढाउने कार्यक्रम रहेको छ ।

परम्पराकालदेखि नै पश्चिम पाल्पा, पूर्वी अर्घाखाँची, दर्क्षिण गुल्मीका जनताले रैनादेवी भगवतीलाई उत्पादन गरेको नयाँ धान, चामल चढाएर मात्र खाने दिनलाई न्वागी पर्वको रुपमा मनाउने प्रचलन रहँदै आएको छ । यस क्षेत्रमा परापूर्वकालदेखि नै देवीलाई धान चामल चढाउने, पूजा पाठ गर्ने, स्तुती गान गर्ने र सोही रातीदेखि नै देवी मन्दिर परिसरमा आ-आफ्नो जात जातिको कला संस्कृति प्रस्तुति गरी देवीलाई खुसी पार्ने चलन रहेको छ । पश्चिम पाल्पामा नयाँ धान भित्राएपछि लामाधामीले देवीसँग सोधी दही चामल सिलाम केरा महलगायतका बस्तु देवीलाई अर्पण गरेपछि मात्र, आमरुपमा उपभोग गर्ने चलन रहेको छ । न्वागी नखाई नयाँ धान प्रयोगमा ल्याएमा सो घरमा अनिष्ट हुने जनविश्वास स्वरुप पश्चिम पाल्पाका जनताले परम्पराकालदेखि नै न्वागी पर्वलाई उत्सवको रुपमा मनाउँदै आएका छन् । न्वागी पर्व पश्चिम पाल्पाकै धार्मिक आस्थासँगै मौलिक संस्कृति, जीवन पद्धती, कृषक तथा कला संस्कृतिसँग गासिएको छ ।

न्वागी पर्वको अवसर पारेर रैनादेवी छहरा गाउँपालिका ३ नं. वडा कार्यालय र रैनादेवी मन्दिर व्यवस्थापन समितिले रैनादेवी मन्दिर परिसरमा आएका भक्तजन तथा अतिथिहरुलाई नयाँ धानको दही र चामल खुवाउने र पालिकास्तरीय मौलिक कला संस्कृतिसहितको विभिन्न किसिमका परम्परागत मौलिक कला संस्कृति तथा नाच प्रदर्शन गरिने वडाध्यक्ष प्रदिप पौडेलले जानकारी दिए ।

रैनादेवी मन्दिर परिसरमा लोपोन्मुख पञ्चेवाजा, सोरठी, मालश्री, ठुलो नाच, रत्यौली, झाम्रे चुडका, लाखे, कौडा मारुनी जस्ता विभिन्न जात जातिका स्थानीय मौलिक कला संस्कृतिसहितको प्रतियोगिता सञ्चालन गरिने वडा अध्यक्ष पौडेलले बताए ।

स्थानीय मौलिक कला संस्कृतिलाई जोगाउन, स्थानीय कला संस्कृतिलाई बचाउन, स्थानीयस्तरमा कलाकार उत्पादन गर्न पालिकास्तरीय कला संस्कृति प्रतियोगिता सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए । पालिकाको नाम समेत यसै मन्दिरबाट भएको, पालिका भित्रका हरेक वडा तहका धार्मिक आस्थासँगै कला संस्कृति जर्गेना गर्ने काममा पालिका लागिपरेको गाउँपालिकाका अध्यक्ष भट्टराईले बताए ।

मौलिक कला संस्कृति प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, दोस्रो हुने टोलीलाई १२ हजार, तेस्रो नाचलाई १० हजार र सहभागी सबै टोलीहरुलाई ५ हजारका दरले पुरस्कारको व्यवस्था रहेको रैनादेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भुपालसिंह खाम्चाले जनाए ।

रैनादेवी मन्दिर विषयमा अनौठो परम्परागत मान्यता रहेको छ । हालको रैनादेवी मन्दिर भएको जंगल न्यौपाने बाहुनको बारी रहेको थियो । गाईले दैनिक रुपमा दूध नदिएपछि, न्यौपाने बाहुन र छहरी मगरले गाईको पिछा गर्दै जाँदा बारीको बिचमा सुनको मौलोमा दूध चढाइरहेको देखेपछि दुवै जनाले सुनको मौलो खन्दै जाँदा तल तल भासिदै गयो । सुनको टाउको भाचेर भए पनि लैजान्छु भनी कोदालोको पासोले हान्दा रगताम्य भई रुदै देवी उत्पन्न भएको भनाइ रहेको छ । देवी भागेर अन्य स्थान जाँदै गर्दा दर्लामी र सोमै मगरले रोकी पूजाआजा सुरु गरेको भनाइ रहँदै आएको छ । आमरुपमा रोइन देवी, रोइन देवीभन्दा भन्दै अपभंश भई रैनादेवी हुन गएको बुढापाकको भनाइ रहेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com